# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, असोज ८ गते २०४१ साल (संख्या २४

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

भूमिसम्बन्धी (बाह्रौं संशोधन) नियमहरू, २०४१

भूमिसम्बन्धी नियमहरू, २०२१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "भूमिसम्बन्धी (बाह्रौं संशोधन) नियमहरू, २०४१" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम ११ क मा संशोधनः भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम ११ क को,–

(१) उपनियम (३) र (४) झिकिएका छन् ।

(२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः–

"(५) उपनियम (२) बमोजिम मोहीको उजूरी परेमा समितिले सो उजूरी लिई आवश्यक जाँचबुझ गर्नु पर्नेछ । त्यसरी जाँचबुझ गर्दा समितिले सम्बन्धित जग्गावालासमेत बुझी आवश्यकतानुसार आफैं वा टोली खटाई सम्बन्धित जग्गाको सँधियार स्थानीय व्यक्तिहरू बुझी निर्णय गर्नु पर्नेछ ।

(३) उपनियम (६) र (७) झिकिएका छन् ।

आज्ञाले,
नारायणविक्रम शाह
श्री ५ को सरकारको सचिव

५०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।